# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) हेटौंडा, नेपाल, असार २७ गते, २०८१ साल (सङ्ख्या १७

## भाग ३

### बागमती प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

**प्रदेश उच्च शिक्षा (दोस्रो संशोधन) नियमावली, २०८१**

**प्रस्तावनाः** प्रदेश उच्च शिक्षा नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकार मन्त्रिपरिषद्ले यो नियमावली बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "प्रदेश उच्च शिक्षा (दोस्रो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **प्रदेश उच्च शिक्षा नियमावली, २०७९ को नियम २३ मा संशोधनः** प्रदेश उच्च शिक्षा नियमावली, २०७९ (यस पछि "**मूल नियमावली**" भनिएको) को नियम २३ को सट्टा देहायको नियम २३ राखिएको छः-

"२३. **सम्पर्क एवम् सहकार्यः** ऐन तथा यस नियमावलीबमोजिम स्थापना हुने शिक्षण संस्थाले प्राज्ञिक विकासका लागि विदेशी विश्वविद्यालय, शिक्षण संस्था तथा मूलुकभित्रका विश्वविद्यालय एवम् शिक्षण संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गर्न सक्नेछ।"

३. **मूल नियमावलीको अनुसूची-१ मा संशोधनः** मूल नियमावलीको अनुसूची-१ मा रहेको "नोट" को सट्टा देहायको "नोट" राखिएको छः-

"नोटः नियम २० को उपनियम (१) बमोजिमको विधान संशोधन शुल्क निवेदन दस्तुरको ५० प्रतिशत हुनेछ। तर

प्रदेश सरकारले स्थापना गरेको सार्वजनिक विश्वविद्यालयको हकमा यस्तो शुल्क लाग्ने छैन।"

४. <u>**मूल नियमावलीको अनुसूची-२ मा संशोधनः**</u> मूल नियमावलीको अनुसूची-२ मा रहेकोः-

१. क्रम सङ्ख्या ५. को खण्ड (क) मा रहेको "सभा" भन्ने शब्द हटाइएको छ।

२. क्रम सङ्ख्या ७. मा रहेको "सभाको गठन" भन्ने वाक्यांश हटाइएको छ।

३. क्रम सङ्ख्या ८. मा रहेको "सभाको काम, कर्तव्य र अधिकार" भन्ने वाक्यांश हटाइएकोछ।

**आज्ञाले,**
**बद्रीनाथ गैह्रे**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-